# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ७, संख्याः ८, भाद्र १० गते, २०८० साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

# व्यास नगरपालिका अपाङ्गता प्रोत्साहन रकम वितरण कार्यविधि, २०८०

कार्यपालिकामा प्रस्तावित मितिः २०८०।५।७

**प्रस्तावना** : व्यास नगरपालिका क्षेत्रभित्र विभिन्न वर्गका अपाङ्गता भएका व्यक्तिहरुमा "क" र "ख" वर्गका लागि संघीय कार्यक्रममा प्रोत्साहन रकम उपलब्ध गराइने तर "ग" वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई प्रोत्साहनको व्यवस्था नगरपालिका स्वयंले गर्नु पर्ने अवस्थाको महशुस गरी "ग" वर्गका अपाङ्गता परिचय पत्र प्राप्त गरेका व्यक्तिहरुको लागि प्रदान गरिने प्रोत्साहन रकमलाई व्यवस्थित र पारदर्शी गराउन वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमिति गर्ने) ऐन, २०७५ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि निर्माण गरी जारी गरेको छ ।

परिच्छेद १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "व्यास नगरपालिका अपाङ्गता प्रोत्साहन रकम वितरण कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “कार्यक्रम” भन्नाले 'ग' वर्गको अपाङ्गता परिचय पत्र प्राप्त व्यक्तिको लागि प्रोत्साहन रकम वितरण कार्यक्रम सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले व्यास नगरपालिकाको नगर कार्यपालिकाका सम्झनु पर्छ ।

(ग) “सभा” भन्नाले व्यास नगरपालिकाको नगर सभा सम्झनु पर्छ ।

(घ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ङ) “उपप्रमुख” भन्नाले व्यास नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्छ ।

(च) “कार्यविधि” भन्नाले 'ग' वर्गको अपाङ्गता परिचय पत्र प्राप्त व्यक्तिको लागि अपाङ्गता प्रोत्साहन रकम वितरण कार्यविधि, २०८०” सम्झनु पर्छ ।

## परिच्छेद २
## कार्यक्रमको उद्देश्य

३. **उद्देश्य :** कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छ :

(क) व्यास नगरपालिकालाई अपाङ्गतामैत्री नगरपालिका बनाउने,

(ख) 'ग' वर्गको अपाङ्गता परिचय पत्र प्राप्त व्यक्तिहरुलाई संघीय/प्रदेश सरकारले केही सम्बोधन नगरे तापनि हाम्रो साथमा स्थानीय सरकार रहेको अनुभूति दिलाउने,

(ग) अपाङ्गताहरुको समग्र विकासको अर्थपूर्ण सहभागिताका साथ जीवनमा सकारात्मक परिवर्तन ल्याउने,

(घ) 'ग' वर्गको अपाङ्गता परिचय पत्र प्राप्त व्यक्तिहरुलाई नियमानुसार वार्षिक रुपमा प्रोत्साहन रकम वितरण गर्ने वा त्यस्ता व्यक्तिको घर परिवार समेतलाई हुने गरी स्वास्थ्य बिमा उपलब्ध गराउने ।

## **परिच्छेद ३**
## **कार्यक्रमको क्षेत्र र रणनीति**

४. **क्षेत्र :** व्यास नगरपालिका भित्र स्थायी बसोबास भई यसै नगरपालिकाबाट 'ग' वर्गको अपाङ्गता परिचय पत्र प्राप्त गरेको हुनु पर्ने ।

५. **रणनीति :** कार्यक्रमको रणनीति देहाय बमोजिम रहेको छ :

(क) नियमित सुपरिवेक्षण

(ख) अनुगमन र मूल्याङ्कन

## परिच्छेद ४
## सञ्चालक समिति गठन र कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

६. **सञ्चालक समिति :** कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिम सात सदस्यीय सञ्चालक समिति रहनेछ :

(क) संयोजक :उपप्रमुख

(ख) सदस्य :प्रमुख प्रशासकीय अधिकृत

(ग) सदस्य :कार्यपालिका सदस्य मध्येबाट १ जना महिला

(घ) सदस्य :शिक्षा तथा सामाजिक विकास शाखा प्रमुख

(ङ) सदस्य :अपाङ्गताका क्षेत्रमा काम गर्ने संस्था मध्येबाट समन्वय समितिमा सिफारिस भएको १ महिला सहित २ जना

(च) सदस्य सचिव : महिला, बालबालिका, अपाङ्गता तथा ज्येष्ठ नागरिक उपशाखा प्रमुख

७- **सञ्चालक समितिको काम, कर्तव्य र अधिकार :** सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ :

(क) कार्यक्रम सञ्चालन सम्बन्धमा आवश्यक कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने ।

(ख) सिप विकास/अपाङ्गताका कार्यक्रमहरु सञ्चालन, नियमन तथा अनुगमन गर्ने ।

(ग) कार्यक्रमको उद्देश्य अनुरुप काम गर्ने ।

८. **बैठक :** समितिको बैठक वर्षमा कम्तिमा ४ पटक बस्ने छ । तर आवश्यक परेमा जुनसुकै बेला पनि बैठक बस्न बाधा पर्ने छैन् ।

## परिच्छेद ५
## विविध

९. **बजेट :** कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेट सभाले विनियोजन गरे बमोजिम हुनेछ ।

१०. **कार्यक्रम सञ्चालन :** कार्यक्रम सञ्चालनको विधि सञ्चालक समितिको निर्णय बमोजिम हुनेछ ।

११. **कार्यविधि संशोधन :** यस कार्यविधिको कार्यान्वयनमा कुनै समस्या देखिएमा कार्यपालिकाले आवश्यकता अनुसार कार्यविधि संशोधन गर्न सक्नेछ ।

१२. **खारेजी :** यस कार्यविधिका कुनै दफा उपदफा प्रदेश वा संघीय कानुनसँग बाझिएमा बाझिएको हदसम्म खारेज हुनेछ ।

आज्ञाले
गंगालाल सुबेदी
प्रमुख प्रशासकीय अधिकृत